नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा



बैठक संख्याः ३ (आ.व.०८२/८३)

सम्वत् २०८२ साल चैत्र २३ गते, ने.सं. ११४६, सोमबार जिल्ला प्रशासन कार्यालय, रसुवाको सभाहलमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ वमोजिम जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी श्री राजेश पन्थीको अध्यक्षतामा देहायका सरोकारवालाहरूको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति (District Disaster Management Committee - DDMC), रसुवाको बैठक बसी निम्नानुसारका निर्णयहरू गरियो।

विशेष उपस्थितिः

श्री अशोक कुमार घिमिरे    प्रमुख    जिल्ला समन्वय समिति, रसुवा

उपस्थितिः

जिल्ला समितिः

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | श्री राजेश पन्थी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | अध्यक्ष |
| | श्री बिजय लामा | उप-प्रमुख | जिल्ला समन्वय समिति, रसुवा | सदस्य |
| | श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष | गोसाईकुण्ड गाउँपालिका, रसुवा | सदस्य |
| | श्री माधव प्रसाद अर्याल | अध्यक्ष | उत्तरगया गाउँपालिका, रसुवा | सदस्य |
| | श्री बुचुङ तामाङ | अध्यक्ष | आमाछोदिङमो गाउँपालिका, रसुवा | सदस्य |
| | श्री चन्द्र बहादुर ग्लान | उपाध्यक्ष | नौकुण्ड गाउँपालिका | सदस्य |
| | श्री राजेन्द्र प्रसाद आचार्य | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| | श्री श्याम कुमार शाह | वरिष्ठ संरक्षण अधिकृत | लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय | सदस्य |
| | श्री प्रद्युम्न प्रसाद गौतम | प्रमुख सेनानी/गणपति | श्री श्रीनाथ गण, ब्रावल ब्यारेक, रसुवा | सदस्य |
| | श्री विष्णु पोखरेल | स.प्रहरी नायब उपरीक्षक | स.प्र.ब. नेपाल नं. २० गुल्म हे.क्वा. , रसुवा | सदस्य |
| | श्री हेमन्त कुमार थिङ्ग | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रसुवा | सदस्य |

## जिल्ला समितिः

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | श्री रमेश राय | प्रहरी निरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा | सदस्य |
| | श्री शम्भु तामाङ | डिभिजनल वन अधिकृत | डिभिजन वन कार्यालय, रसुवा | सदस्य |
| | डा.अमित कुमार शाह | नि.मेडिकल सुपरिटेन्डेन्ट | रसुवा अस्पताल, रसुवा | सदस्य |
| | श्री | | राष्ट्रिय स्वतन्त्र पार्टी, रसुवा | सदस्य |
| | श्री | | नेपाली काँग्रेस, रसुवा | सदस्य |
| | श्री | | ने.क.पा.(एमाले), रसुवा | सदस्य |
| | श्री | | नेंपाली कम्युनिष्ट पार्टी, रसुवा | सदस्य |
| | ई.कृष्णनाथ ओझा | आयोजना प्रमुख | गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोट | सदस्य |
| | ई.सुवास बाँनिया | सव-डिभिजन प्रमुख | जलस्रोत तथा सिंचाई विकास स.डि.का., रसुवा | सदस्य |
| | ई.रविन महर्जन | कार्यालय प्रमुख | पूर्वाधार विकास कार्यालय, रसुवा | सदस्य |
| | श्री झम प्रसाद आचार्य | कार्यालय प्रमुख | जनस्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| | ई. गुञ्जमान तामाङ | कार्यालय प्रमुख | ने.वि.प्रा., रसुवा वितरण केन्द्र, रसुवा | सदस्य |
| | श्री नारायणराज श्रेष्ठ | कार्यालय प्रमुख | नेपाल टेलिकम, रसुवा | सदस्य |
| | श्री नारायण खड्का | सहायक प्रहरी निरीक्षक | जिल्ला प्रहरी ट्राफिक कार्यालय | सदस्य |
| | श्री बाबुलाल तामाङ | सभापति | नेपाल रेडक्रस सोसाइटी, रसुवा जिल्ला शाखा | सदस्य |
| | श्री केशव प्रसाद पौडेल | अध्यक्ष | नेपाल पत्रकार महासंघ, रसुवा | सदस्य |
| | श्री हेमनाथ खतिवडा | अध्यक्ष | गैरसरकारी महासंघ, रसुवा | सदस्य |

## जिल्ला समिति:

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | श्री द्रुव प्रसाद अधिकारी | स.प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | सदस्य सचिव |

## अन्य उपस्थिति:

| हस्ताक्षर | नाम, थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| | श्री सुरेश भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | गोसाईकुण्ड गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री धर्मराज न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत | कालिका गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री होमनाथ दाहाल | प्रमुख प्रशासकीय अधिकृत | उत्तरगया गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री कृष्ण बहादुर बि.क. | अधिकृतस्तर | गोसाईकुण्ड गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री ज्ञानेन्द्र न्यौपाने लेकाली | वरिष्ठ पत्रकार | राष्ट्रिय समाचार समिति (RSS |
| | श्री बलराम घिमिरे | सम्वाददाता | लाङटाङ पोष्ट |
| | श्री अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| | भुवनराज ढुंगाना | अधिकृत | कालिका गा.पा. |
| | सौरव घिमिरे | स्वकीय सचिव जि.स.स प्रमुख | जि. स. स कार्यालय रसुवा |
| | | | |
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

निर्णयहरू:

१. जिल्ला विपद् व्यवस्थापन समिति (District Disaster Management Committee-DDMC), रसुवाको अगाडिको बैठकबाट भएको निर्णयहरूको कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो।

२. नौकुण्ड गाउँपालिकाको च.नं. ८०० मिति २०८२।१२।०६ गतेको पत्रसाथ मिति २०८२।१२।०५ गतेको स्थानीय विपद् व्यवस्थापन समिति, नौकुण्डको बैठकबाट संघीय विपद् व्यवस्थापन कोष र प्रदेश विपद् व्यवस्थापन कोषबाट हुने लागत अनुमान साझेदारी बापतको रकम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम १५क(६) रकम जिल्ला प्रशासन कार्यालयले विपद् कोषबाट उपलब्ध गराउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार काठमाडौंमा अनुरोध गर्ने।

३. आमाछोदिङमो गाउँपालिका वडा नं. १ हाकुवेशी स्थित त्रिशुली नदीको स्टील बेलिब्रिज नजिकै सडक माथि रहेको ढुंगा कुनैपनि बेला झर्न सक्ने उच्च जोखिममा रहेकोले सवारी साधनहरूको आवतजावतमा कठिनाई सिर्जना भएको र उक्त ढुंगाबाट भविष्यमा पुरै सडक अवरोध हुनसक्ने जोखिम रहेको, सडकसँग जोडिएको त्रिशुली नदीको बहाव समेत थुनिन गई तल्लो तटीय क्षेत्रमा क्षति पुऱ्याउन सक्ने देखिएको हुँदा आमाछोदिङमो गाउँपालिकाको च.नं. ४०० मिति २०८२।०८।२८ गतेको पत्रबाट जिल्ला विपद् व्यवस्थापन समितिबाट उक्त ढुंगा फुटाउन आवश्यक सहयोगका लागि अनुरोध भई आएकोमा जिल्ला सुरक्षा समितिको मिति २०८२।०९।०७ गतेको बैठकबाट समेत आवश्यकीय समन्वय तथा सहजीकरण आमाछोदिङमो गाउँपालिकाले गर्ने, विष्फोटनको अवस्थामा आवश्यक सुरक्षा प्रबन्ध गर्न नेपाली सेना (श्री श्रीनाथ गण, ब्राबल ब्यारेक, रसुवा) लाई अनुरोध गर्ने र अन्य सुरक्षा व्यवस्था जिल्लास्थित सुरक्षा संयन्त्रले गर्ने गरी उक्त ढुंगाको व्यवस्थापन गर्न आवश्यक पर्ने विष्फोटक पदार्थ एवम् प्राविधिक जनशक्तिका लागि निर्माणाधिन माथिल्लो त्रिशुली १ जलविद्युत आयोजना (२१६ मे.वा.) लाई अनुरोध गर्ने निर्णय भएकाले सो निर्णय कार्यान्वयनका लागि अनुरोध गरी उल्लिखित निकायहरूलाई पत्राचार गर्ने।

४. गोसाईकुण्ड गाउँपालिकाको च.नं. १२९० मिति २०८२।१२।१० गतेको पत्रसाथ मिति २०८२।१२।०५ गतेको स्थानीय विपद् व्यवस्थापन समिति, गोसाईकुण्डको बैठकबाट गोसाईकुण्ड गाउँपालिका वडा नं. ५ स्याफ्रुवेशी नजिकै मिति २०८२।०७।२८ गते माथिल्लो भागबाट भोटेकोशी खोलामा सुख्खा पहिरोले ठूलो ढुंगाहरू आई नदी थुनिएकाले जिल्ला विपद् व्यवस्थापन समितिबाट उक्त ढुंगा फुटाउन आवश्यक सहयोगका लागि अनुरोध भई आएकोले आवश्यकीय समन्वय तथा सहजीकरण गोसाईकुण्ड गाउँपालिकाले गर्ने, विष्फोटनको अवस्थामा आवश्यक सुरक्षा प्रबन्धको लागि नेपाली सेना (श्री श्रीनाथ गण, ब्राबल ब्यारेक, रसुवा) लाई अनुरोध गर्ने र अन्य सुरक्षा व्यवस्था जिल्लास्थित सुरक्षा संयन्त्रले गर्ने गरी उक्त ढुंगाको व्यवस्थापन गर्न आवश्यक पर्ने विष्फोटक पदार्थ एवम् प्राविधिक जनशक्तिका लागि निर्माणाधिन माथिल्लो त्रिशुली १ जलविद्युत आयोजना (२१६

४/५

मे.वा.) लाई अनुरोध गर्ने। साथै, गोसाईकुण्ड गाउँपालिका वडा नं. ५ याङयाङ खोलामा रहेको ढुंगा जिल्ला सुरक्षा समिति, रसुवाको मिति २०८२।०५।२० गतेको निर्णयानुसार फुटाइएकोमा उक्त स्थानमा छरिएर रहेका ढुंगाहरूका कारण सवारी आवतजावतमा व्यवधान सृजना भएको भनी जन गुनासो प्राप्त भएकाले गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोटले उक्त ढुंगाहरू हटाई सवारी साधनहरूको सहज आवागमनको व्यवस्था मिलाउने।

५. नौकुण्ड गाउँपालिका वडा नं १ वादीलुङ्ग बस्ती थाङदोरमा पहरो गई मानवीय बस्ती पहिरोको जोखिमलाई व्यवस्थापन गर्न नौकुण्ड गाउँपालिकाबाट आवश्यक तारजाली उपलब्ध गराईदिन अनुरोध भई आएकाले जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय, रसुवाले तारजाली भण्डारणको पर्याप्ततालाई मध्यनजर गरी सम्बन्धित पालिकालाई १२० थान तारजाली उपलब्ध गराउने।

६. कालिका गाउँपालिकाको च.नं. १०६६ मिति २०८२।१२।१९ को पत्रसाथ प्राप्त एजेण्डाको विषयमा देहाय बमोजिम गर्ने।

क. उपल्लो रुप्सेपानी, तल्लो रुप्सेपानी सडक नालीबाट बहे पानीको उचित निकास नहुँदा सो क्षेत्रमा रहेको बस्ती, खेतबारीमा जोखिम उत्पन्न भएको हुँदा यसको दीर्घकालिन व्यवस्थापनका लागि कालिका गाउँपालिका, रसुवाले बजेट व्यवस्थापन लगायत अन्य आवश्यक समन्वय/सहजीकरणका लागि नेपाल सरकार, शहरी विकास मन्त्रालय, सिंहदरबार काठमाडौंमा अनुरोध गर्ने।

ख. धोबिखोला पहिरोबाट सृजना भएको चिन्नेपानी बस्तीको जोखिम न्यूनीकरण गर्न जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय, रसुवाले जोखिम अवस्थाको स्थलगत निरीक्षण गरी भौगोलिक अवस्थालाई मध्यनजर गर्दै आवश्यक पहल कदमी गर्ने।

७. पासाङल्हामु सडकखण्ड अन्तर्गतका कालिका गाउँपालिकाको वडा नं. १ राम्चे-ग्राङ क्षेत्र र गोसाईकुण्ड गाउँपालिकाको वडा नं. ५ भार्खु क्षेत्रका सडकको भीरतर्फ फलामको रेलिङ, संकेत, चिन्ह लगायतका सडक सुरक्षाका पूर्वाधारहरू रहेको नदेखिएकाले घुमाउरो सडक, न्यून दृश्यता एवम् शितका कारण सवारी चिप्लिने खतराले विगतमा दुर्घटना निम्त्याएको र भविष्यमा समेत दुर्घटनाको जोखिम भएकोले डिभिजन सडक, नुवाकोटले आगामी आ.व.मा उक्त पासाङल्हामु सडकखण्डमा सडक सुरक्षाका पूर्वाधार निर्माण गर्न बजेट प्रस्ताव गर्ने र तत्कालका लागि उक्त जोखिमका विषयमा जिल्ला प्रहरी ट्राफिक प्रहरी कार्यालय, रसुवाले यात्रु, सवारी चालक र स्थानीय बासीहरुलाई अनुशिक्षण गर्ने।

८. मनसुनको समयमा यस जिल्लामा मनसुनजन्य विपद् जोखिम बृद्धि हुने भएको हुँदा जिल्लाको अस्थिपञ्जरको रुपमा रहेका सडक मार्गहरू अवरुद्ध हुनसक्ने सम्भाव्यतालाई मध्यनजर गर्दै आ-आफ्नो निकाय/कार्यालयमा रहेका विपद् प्रतिकार्यजन्य सामग्रीहरू सम्भावित जोखिमका स्थानहरूमा प्राविधिक जनशक्तिहरू सहित तत्काल प्रयोग गर्नसक्ने गरी राख्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा